## साँफेबगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## साँफेबगर अछाम

# सार्वजनिक सुनुवाई कार्यक्रम २०७८/०७९

# प्रगति प्रतिवेदन

मिति २०७९ मंसीर २६ गते

**पृष्ठभूमी**

सङ्घीय, प्रदेश तथा स्थानीय सरकारबाट विभिन्न समयमा जारी गरिएका सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि बमोजिम स्थानीय तहका सम्पूर्ण वर्ग तथा समुदायले स्थानीय तहबाट प्रवाह गरिने सबै प्रकारका सेवा सुविधाका बारेमा जानकारी गराउने उद्धेश्यका साथ सबै स्थानीय तहले प्रत्येक आ.व.मा अनिवार्यरुपमा सार्वजनिक सुनुवाई गर्ने नीति भए अनुरुप यस नगरपालिकाले पनि उक्त नीतिहरुको अवलम्बन गर्दै गत आ.व.०७८/७९ को श्रावण महिना देखि असार मसान्त सम्मको अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने कार्य गरेको छ । स्थानीय तहबाट प्रवाह गरिने सेवा सुविधाका बारेमा प्रत्यक्षरुपमा जनतालाई सहभागी गराई स्थानीय तहले सञ्चालन गरेका सबै कार्यक्रमहरुको बारेमा उनीहरुलाई सुसूचित गराउने तथा जनता र स्थानीय तहबीच एकआपसमा साक्षात्कार भई आफ्नो सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहलाई जनताले महसुस गरी सुशासन तथा पारदर्शिता कायम गर्न सेवाग्राही तथा समुदायबाट प्राप्त सुझावका आधारमा नगरपालिकाले आगामी दिनमा अवलम्वन गर्ने नीति तथा कार्यसम्पादनमा सुशासन प्रबर्द्धन गरी सेवाग्राही मैत्री गतिविधिहरु अगाडी बढाउन स्थानीय तहको जवाफदेहिता अभिवृद्धि गर्न टेवा पुरयाउने हुँदा आज साँफेबगर नगरपालिकाले यस सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको छ ।

**उद्धेश्यः**

१. स्थानीय तहबाट उपलब्ध सेवा सुविधाका बारेमा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक स्थानमा सेवाग्राही नागरिकले उठाएका प्रश्नमा स्पष्टता ल्याउने र नागरिकबाट आएका रचनात्मक सुझावलाई ग्रहण गरी स्थानीय तहको सेवा प्रवाहबारे जानकारी गराउने ।

२. स्थानीय तहका जिम्मेवार अधिकारी र नागरिक बीचको दूरी कम गरी सेवा सुविधा प्रवाहमा सहजता ल्याई सुशासनको प्रत्याभूती गराउने ।

३. दोहोरो सम्वादको माध्यमद्धारा सेवाग्राही र सेवाप्रदायक बीच सुमधुर सम्बन्ध स्थापित गरी सेवाग्राहीमैत्री वातावरणको सिर्जना गर्ने ।

४. सेवाग्राही नागरिक र सेवाप्रदायक बीच एकआपसमा साक्षात्कार भई आफ्नो सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहलाई जनताले महसुस गर्ने गरी सुशासन तथा पारदर्शिता कायम गर्ने ।

५. सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गर्न जिम्मेवार संस्कार बसाउने ।

६. सेवा प्रवाहमा सेवाग्राही नागरिकहरुको पहुँच अभिवृद्धि गर्दै उनीहरुमा जिम्मेवार नागरिकको अधिकार तथा कर्तव्यको बोध गराई एक असल नागरिकको भूमिका निर्वाह गर्न सक्षम बनाउन सघाउ पु-याउने ।

**नगरपालिकाको संक्षिप्त परिचयः**

नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय अनुसार साविकका ८ वटा गा.वि.स. हरु बैजनाथ, जाल्पादेवी, सिद्देश्वर, मष्टामाण्डौं, नवाठाना, भागेश्वर, रिडिकोट र चण्डिका समाहित गरी विधिवतरुपमा घोषणा गरिएको यस साँफेबगर नगरपालिका मिति २०७३/११/२७ गते राज्य पुनसंरचना भएसंगै साविकका थप ६ वटा गा.वि.स.हरु बुढाकोट, घुघुरकोट, देविस्थान, खप्तड, बाब्ला र पातलकोट लाई यस नगरपालिकामा समाहित गरी हाल १४ वटा वडामा विभाजित यो नगरपालिका सामुन्द्रिक सतहबाट करिब ५५० मिटरदेखि ३३०० मिटरसम्म उचाईमा रहेको यस नगरपालिकाको क्षेत्रफल १६६.७१ वर्ग कि.मी. र राष्ट्रिय जनगणना

२०६८ अनुसार यस नगरपालिकाको जनसंख्या महिला १८३०४ र पुरुष १५४८४ गरी कुल जनसंख्या ३३७८८ र घरधुरी संख्या ६६९३ रहेको छ भने नगर वस्तुगत विवरण २०७४ अनुसार महिला १९८७४ र पुरुष १८४६७ गरी कुल जनसंख्या ३८३४१ रहेको छ । यस नगरपालिकामा यहाँका प्रमुख पर्यटकीय स्थलहरुमा नेपालकै चार धाम मध्येको एक धामको रुपमा रहेको प्रसिद्ध वैद्यनाथ धाम, जिमराडी धाम, खप्तड, नाइनी, धवलछडा, कालालेकी, जाल्पादेवी, हाडासैन, विमकोट पर्यटकीय क्षेत्र हुन भने प्रमुख आर्थिक केन्द्रमा समग्र अछाम जिल्लाकै व्यापारिक केन्द्रकोरुपमा रहेको साँफेबगर, बयालपाटा, ठाँटी, तासी बजार, बुढा बगर र श्रीकोट बजार रहेका छन ।

नगर क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक जनता कृषि पेशामा संलग्न रहेका छन भने पशुपालन पनि सहायक पेशाको रुपमा रहेको छ । चारैतिर हरियाली बन र सुन्दर बस्ती भएको साँफेबगर नगरपालिका सुदूरपश्चिम प्रदेशकै विकास र सम्वृद्दिको सम्भावना बोकेको नगरपालिका भित्र पर्दछ । स्रोत र साधनको उचित प्रयोग हुन सकेको खण्डमा अपार जलस्रोतको रुपमा रहेका बुढीगंगा, कैलाशखोला, आर्दोली गाड, जिजाडी गाड, प्रभाली गाड, इक्डी गाड आदिले यस क्षेत्रको कृषि तथा जलविद्युतको विकासमा टेवा पुरयाउने देखिन्छ ।

अब म यस नगरपालिकामा चालु आ.व. २०७८।०७९ को श्रावण देखि असार महिना सम्म सञ्चालन भई सम्पन्न भएका क्रियाकलापहरुको संक्षिप्त विवरण शाखागत रुपमा निम्नानुसार प्रस्तुत गर्न चाहान्छु ।

प्रशासन शाखा

साँफेबगर नगरपालिका प्रशासन शाखाले आ.ब. २०७८।०७९ मा गरेका मूलभूत कृयाकलापहरु/उपलब्धिहरु देहाय बमोजिम रहेका छन ।

- प्रशासन शाखाले विभिन्न कार्यालय, व्यक्ति, संगठनबाट प्राप्त पत्रहरु, कर्मचारीका नियुक्तिका पत्रहरु, हाजिरी पत्रहरु लगायत संस्थागत तथा व्यक्तिगत निबेदन गरी जम्मा १७५७ पत्रहरु दर्ता भइ प्रक्रियामा गएका छन ।
- प्रशासन शाखाले विभिन्न कार्यालय, व्यक्ति, संगठनबाट प्राप्त पत्रहरु, कर्मचारीका नियुक्तिका पत्रहरु, हाजिरी पत्रहरु लगायत संस्थागत तथा व्यक्तिगत निबेदन सहित अन्य प्राप्त पत्रहरुको अभिलेख राखी जम्मा १७२५ पत्रहरु चलानी भएका छन ।
- यस नगरपालिका र सो अन्तर्गतका शाखा/कार्यालयमा कार्यरत कर्मचारीहरु कार्यालयको कामबश यस नगरपालिका/जिल्ला स्थित कार्यालय र जिल्ला बाहिरका कार्यालयमा जाँदा भ्रमण अभिलेख राखी अभिलेख व्यवस्थापनमा चुस्तता ल्याउन ३३७ वटा भ्रमण आदेश व्यवस्थापन ।
- यस नगरपालिकामा कार्यरत जम्मा १०३ जनाको करार सम्झौता ।
- नगरपालिका र सो अन्तर्गतका कर्मचारी को हाजिरी व्यवस्थापन र र विदाको अभिलेख दस्तावेजीकरण गरेको ।

- कार्यपालिका बैठक १२ वटा र २ वटा नगरसभाको व्यवस्थापन एवं संयोजन ।
- स्थानीय तहको स्वःमूल्याङ्कन लिसा अपडेट भइ ५४.५ अंक प्राप्त भएको ।
- सवै स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम संकलन तथा व्यवस्थापन गरेको ।
- कार्यालयमा प्राप्त सबै शाखा र सो अन्तर्गतका कर्मचारी र जनप्रतिनिधिहरु गरी जम्मा ४२५ जनाको सम्पति बिवरण दर्ता गरी अनलाइन प्रविष्टि गरिएको ।

- कर्मचारी पदस्थापना र थप कार्यजिम्मेवारी दिएको ।
- ३ वटा कर्मचारी बैठक सम्पन्न भएका ।
- संघीय, प्रादेशिक तथा यस कार्यालयबाट समय समयमा २३ वटा सुचना टाँस ।
- १ पटक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको ।
- सुचना प्रविधि अधिकृत १ जना, हेल्थ असिस्टेन्ट  जना, अ.हे.ब. ३ जना, अ.न.मी. ६ जना, स्वीपर १ जना, सामुदायिक मनोसामाजिक परामर्श संयोजक १ जना, सामुदायिक मनोसामाजिक कार्यकर्ता ७ जना, गणक २८ जनाको विज्ञापन लिई छनोट भएका ।
- १० जना कर्मचारीहरुलाई दोहोरो सहमतिका आधारमा सरुवा गरिएको,
- संघीय, प्रादेशिक कार्यालयबाट माग भएका प्रतिबेदनहरु उपलब्ध गराएको,
- सबै कर्मचारी र जनप्रतिनिधिहरुको सम्पत्ति बिवरण अनलाइन प्रविष्ट गरिएको,
- १९ जना कर्मचारी प्रदेश लोकसेवा आयोगबाट माग फाराम भरी माग गरिएको ।

**<u>नगरपालिकाको संगठन संरचना र कर्मचारीहरु</u>**

- कुल जम्मा दरबन्दी ५७ मध्ये ३८ जना कर्मचारीको पदपूर्ती भई १९ जनाको दरबन्दी खाली रहेको जसमा हालै प्रदेश लोक सेवा आयोगमा आ.ले.प अधिकृत १ जना, म.वि.नि १ जना, सहायक पाँचौ तहका ३ जना र शिक्षा प्राविधिक १ जना गरी जम्मा १९ जनाको माग आकृति भरि पठाइको ।
- आ.व. २०७८/७९ मा करार सेवा तर्फ जम्मा १०३ जना कर्मचारी रहेका छन ।

**<u>अमिन शाखा</u>**

- नक्शा पास सम्पन्न संख्या २० वटा १६ वटा प्रक्रियामा रहेका ।
- अभिलेखीकरण नक्शा पास संख्या १० वटा ।
- न्यायिक समितिमा आएका आलिधुर सम्बन्धी विवाद समाधानमा सहयोग ।
- नापी र मालपोतमा हुने काम जस्तै हालसाबिक राजिनामा सम्बन्धि जानकारी प्राप्त गरी आवश्यक सहजीकरण गर्दै आएको ।
- निर्माणाधीन नयाँ वसपार्क निर्माण कार्यमा सहजीकरण गरेको ।
- साँफेबगर नगरपालिकाको न्यूनतम जग्गाको मूल्याङ्कन मापदण्ड जिल्ला मालपोत कार्यालयमा पठाइएको ।

**बहुक्षेत्रीय पोषण योजना**

- एफ.एम. बाट पोषण सम्बन्धि संदेश प्रसारण सम्पन्न ।
- नगर स्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देसक समितिको ३ वटा बैठक सम्पन्न ।
- पोषण सम्बन्धि बिषयगत शाखाहरुको ३ वटा बैठक सम्पन्न ।
- वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको १९ वटा बैठक ।
- बार्षिक समिक्षा गोष्ठी सम्पन्न ।

**कृषि विकास शाखा**

- ५० प्रतिशत अनुदानमा हिउँदे / बर्षे फलफुको बिरुवा बितण १ पटक
- **आकास्मिक बाली उपचार तथा संरक्षण बर्ष भरी**

- ५० प्रतिशत अनुदानमा गहुँको बिउँ बितरण कार्यक्रम १ पटक
- **नगरपालिका भित्रका ३० जना अगुवा कृषकलाई नमुना प्रर्दशन कार्यक्रम**
- हिउदे  मिनीकिट  बितरण कार्यक्रम १ पटक
- स्थलगत तालिम १४ वटै वडामा (१ दिने)
- कृषक समुह गठन (पुनगठन र परिचालन कार्यक्रम) १४ वटै वडामा
- बर्षे मिनिकिट वितरण
- बिभिन्न बाली उत्पादनमा आधारीत कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम
- बर्षे आलु पकेट कार्यक्रम संचालन १ पटक
- अदुवा पकेट कार्यक्रम सम्पन्न १ पटक
- कर्मचारी मासकि, चौमासिक र बार्षिक बैठक ३ पटक
- तरकारी पकेट संचलन सम्पन्न १ पटक
- कृषि तथा पशुपंछी तथ्यांक संक्लन १४ वडा
- किसान सुचिकरण ७५० जना

**सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा**

**सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमः**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिलो, दोस्रो, तेस्रो  र चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण गरिएको,

| क्र.सं. | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चोथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | लाभग्राही संख्या | रकम | लाभग्राही संख्या | रकम | लाभग्राही संख्या | रकम | लाभग्राही संख्या | रकम |
| जम्मा | ५९७४ | ३८३५१४५३ | ६१४३ | ३८७२४२८० | ६२०१ | ३८७२७३३८ | ६२१२ | ३९३४५६५६ |

जम्मा रकमः   १५५१४८७२७।-

**सामाजिक सुरक्षा कार्यक्रम**

- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नयाँ नाम दर्ता जना :- ११७१
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको लगत कट्टा जना :- ७२०
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नवीकरण कार्य जना :-४६४०

व्यक्तिगत घटना दर्ताको विवरणः

| क्रसं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई दर्ता | | | | सम्बन्ध विच्छेद संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाईसराई को संख्या | | | |
| १ | ९९२ | ९५१ | १९४३ | १५३ | २०७ | ३५९ | ३०४ | १७० | ३९५ | ४८ | ४४५ | २ | २७७० | - |

- व्यक्तिगत घटना दर्ता कार्यलाई १४ वटै वडामा अनलाईन मार्फत सुरुवात गरिएको ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, व्यक्तिगत घटना दर्ता तथा राष्ट्रिय परिचयपत्र सम्बन्धि सूचना रेडियोमार्फत प्रसारणको लागि ०२ वटा रेडियोसँग सम्झौता गरी प्रसारण गरेको ।
- अपाङ्गता भएका (ग र घ ) वर्गका व्यक्तिहरुलाई आर्थिक सहायता वितरण कार्यक्रम तपसिल बमोजिम सम्पन्न

| वडा नं | अपाङ्गता किसिम (ग वर्ग) | अपाङ्गता किसिम (घ वर्ग) | वर्ग नखुलेको | नगरपालिका बाट परिचय पत्र प्राप्त | दर | रकम | जिल्ला बाट परिचय पत्र प्राप्त | दर | रकम | जम्मा | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ६ | ० | ५ | १२००० | ६०००० | ७ | ९००० | ६३००० | १२ | १२३००० |
| २ | ३ | ६ | ० | ७ | १२००० | ८४००० | २ | ९००० | १८००० | ९ | १०२००० |
| ३ | ४ | ७ | ० | ५ | १२००० | ६०००० | ६ | ९००० | ५४००० | ११ | ११४००० |
| ४ | ५ | १० | ० | १० | १२००० | १२०००० | ५ | ९००० | ४५००० | १५ | १६५००० |
| ५ | २ | ३ | ० | ५ | १२००० | ६०००० | ० | ९००० | ० | ५ | ६०००० |
| ६ | १ | २ | ० | ३ | १२००० | ३६००० | ० | ९००० | ० | ३ | ३६००० |
| ७ | ६ | २ | ३ | १ | १२००० | १२००० | १० | ९००० | ९०००० | ११ | १०२००० |
| ८ | ४ | २ | ० | ५ | १२००० | ६०००० | १ | ९००० | ९००० | ६ | ६९००० |
| ९ | ० | ९ | ० | १० | १२००० | १२०००० | ० | ९००० | ० | १० | १२०००० |
| १० | २ | ४ | ० | ५ | १२००० | ६०००० | १ | ९००० | ९००० | ६ | ६९००० |
| ११ | ४ | १ | ० | २ | १२००० | २४००० | ३ | ९००० | २७००० | ५ | ५१००० |
| १२ | ४ | १ | ० | ३ | १२००० | ३६००० | २ | ९००० | १८००० | ५ | ५४००० |
| १३ | ७ | १४ | ० | १९ | १२००० | २२८००० | २ | ९००० | १८००० | २१ | २४६००० |
| १४ | ४ | १ | ० | २ | १२००० | २४००० | ३ | ९००० | २७००० | ५ | ५१००० |
| जम्मा | ५२ | ६८ | ३ | ८२ | १२००० | ९८४००० | ४२ | ९००० | ३७८००० | १२४ | १३६२००० |

**शिक्षा युवा तथा खेलकुद शाखा**

- IEMIS तालिम सम्पूर्ण विद्यालयका १ जना शिक्षक
- नगर शिक्षा समिति, आधारभूत शिक्षा परिक्षा समिति बैठक तथा अन्तरक्रिया संचालन
- स्थानीय पाठ्यक्रम निर्माण कार्यशाला
- आधारभूत शिक्षा परिक्षा कार्यशाला
- २८ वटा बालविका सहजकर्तालाई किड्स वितरण कार्यक्रम
- गणित विज्ञान प्रर्दशनी तथा बुद्विमत्ता कार्यक्रम
- जनप्रतिनिधि सङ्ग शिक्षा शाखा तथा शैक्षिक अन्तरक्रिया कार्यक्रम र सेवा निविर्त शिक्षरुकहरुको विदाइ कार्यक्रम
- माध्यमिक तह स्तरिय वक्तिव्व कला प्रतियोगीता
- सामाजिक कुरुति न्युनिकरणमा विद्यार्थीको भूमिका विषयमा आधारभूत तह स्तरिय बक्तृत्वकला प्रतियोगीता
- सेनेटरी प्यड निर्माण क्षमता प्रर्दशन कार्यक्रम सम्पन्न भएको ।

**<u>सुचना प्रविधि :</u>**

- आ.व. २०७८-७९ मा पारित नित, निर्णयहरु र बजेटलाई साँफेबगर नगरपालिकाको वेबसाइट र सामाजिक संजालमा अपडेट गरिएको ।
- सूचना प्रविधि सम्बन्धी नगरका प्रयासहरुबारे विभिन्न चरणमा मालिका विकास संघ संग समन्वय गरि कार्यसञ्चालन ।
- विभिन्न विभाग र मन्त्रालयलाई साँफेबगर नगरपालिकाका कार्ययोजनाबारे जानकारी गर्नमा सहजिकरण।
- ५० आधारभूत विद्यालयहरुमा इन्टरनेट उपकरण उपलब्ध गरिएको ।
- साँफेबगर नगरपालिकाको कार्यालयमा थप ८ वटा CCTV जडान गरिएको ।
- कृषि कार्यक्रम व्यवस्थापन प्रणालीको बारेमा कृषि शाखाका सम्पूर्ण कर्मचारीलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो । यस प्रणालि मार्फत कृषक समूह (कुल दर्ता भएका कृषक समुहहरु, महिला सदस्यहरु, जम्मा सदस्यहरु, वडागत रुपमा दर्ता भएका कृषक समुहहरु) यसै प्रणालीमा अध्यावधिक गरियो ।
- यस आ.व. मा हेल्लो सरकार पोर्टल बाट प्राप्त भएको १ गुनासो सम्बोधन गरिएको छ र सूचना माग भएको जानकारीहरु उपलब्ध गरिएको ।

**खानेपानी तथा सरसफाई शाखा**

- ११२ जना १०० दिनका आमाहरुलाइ फिल्टर वितरण,
- सरसफाइ सम्बन्धी सरोकारवाला संग अन्तरक्रिया कार्यक्रम १ पटक सम्पन्न भएको ।

**पशु सेवा शाखा**

- उत्पादनमा आधारित कृषक प्रोत्सहान कार्यक्रम १ पटक,

- ओषधी खरिद तथा वितरण ३ पटक,
- घाँसको विउ वितरण हिँउदे तथा वर्षे १ पटक,
- पशु स्वास्थ्य शिविर संचालन ३ वटा,
- पशु उपचार सेवा ९५८१,
- पशु विमा सम्बन्धी सरोकारवाला संग अन्तर्क्रिया कार्यक्रम ४ वटा वडामा सम्पन्न,
- उन्नत बोका वितरण ३ वटा,
- कर्मचारीको क्षमता बृद्धि कार्यक्रम १ पटक,
- पशु सेवा प्राविधिकलाइ उपकरण वितरण १ पटक,
- कर्मचारी बैठक ३ वटा,
- पकेट विकास कार्यक्रम संचालन १ पटक ।

**प्राविधिक शाखा**

**जम्मा विनियोजित रकम :- रु. ११९६८६०२४.३७/-**

**जम्मा भुक्तानी भएको रकम :- रु. १०७७७४४९७.४४/-**

क. भवन निर्माण तर्फ

यस आ.व. २०७८/०७९मा यस नगरपालिका अन्तर्गत भवन निर्माण तर्फ जम्मा २८ वटा योजनाहरु रहेका छन् जसमध्ये २० वटा नया भवन निर्माण र बाकी ८ वटा मर्मत तथा अधुरो भवन निर्माण रहेका छन् भवन तर्फ जम्मा रु. ४,६७,९१,०२५.३७/- बिनियोजन भएकोमा रु. ४,१९,६१,१६५.३७/- बराबरको काम सम्पन्न भइ भुक्तानी समेत भइसकेको छ ।

ख. सडक निर्माण तर्फ

यसआ.व. २०७८/०७९मा यस नगरपालिका अन्तर्गत सडक निर्माण तर्फ जम्मा१९वटा योजनाहरु रहेका छन, जसमध्ये १४ वटा नया सडक निर्माण र बाकी ५ वटा मर्मत गरिएको छ. सडकनिर्माण तर्फ जम्मा रु.२,२०,२०,०००/- बिनियोजन भएकोमा रु.२,१८,१२,०००/- बराबरको काम सम्पन्न भइ भुक्तानी समेत भइसकेको छ.

ग. खानेपानी निर्माण तर्फ

यस आ.व. २०७८/०७९मा यस नगरपालिका अन्तर्गत खानेपानी निर्माण तर्फ जम्मा ४६ वटा योजनाहरु रहेका छन् . यस योजना अन्तर्गत का सम्पूर्ण योजनाहरु निर्माण कार्य सम्पन्न भैसकेका र आन्तरिक स्रोत मार्फत भुक्तानी गर्नु पर्ने डिप बोरिंग कायोजनाहरुको आंशिक र कम बजेट अभावका कारण भुक्तानी हुन बाकी रहेकोछ. यस योजनामा रु.१,२२,६१,०००/- बिनियोजन भएकोमा रु.९९,४१,०००/- भुक्तानी समेत भइसकेको छ.

घ. सिंचाई निर्माण तर्फ

यस आ.व. २०७८/०७९ मा यस नगर पालिकामा २६ वटा योजनाहरु रहेका छन्. जस अन्तर्गत सिचाई कुलो बनाउने, पाइप लाइन विस्तार गर्ने, पोखरी निर्माण गर्ने तथा मर्मत गर्ने योजनाहरु रहेका छन् . सम्पूर्ण योजनाहरुको निर्माण कार्य सम्पन्न भैसकेको र ३ वटा आन्तरिक स्रोतबाट संचालित

योजनाहरुको बजेट अभावका कारण भुक्तानी हुन बाकी रहेकोछ. यस योजना अन्तर्गत रु.३१,९०,०००/- बिनियोजन भएकोमा रु.२८,३९,८७६.३२/- बराबरको रकम भुक्तानी समेत भइसकेकोछ.

ङ. घेरा पर्खाल निर्माण तर्फ

यस आ.व. २०७८/०७९ मा यस नगरपालिकामा २० ओटा योजनाहरु घेरा पर्खाल निर्माण तर्फ रहेका छन् . बिभिन्न मठ मन्दिर, स्कुलहरुको सुरक्षाका लागि संचालित यी सम्पूर्ण योजनाहरुको निर्माण कार्य सम्पन्न भइ भुक्तानी समेत भैसकेकोछ. यी योजना अन्तर्गत रु.३०,५०,०००/- बिनियोजन भएकोमा सम्पूर्ण रकम भुक्तानी भइसकेकोछ.

च. मठ मन्दिर निर्माण कार्यक्रम

यस आ.व. २०७८/०७९ मा यस नगरपालिकामा सम्पूर्ण वडाहरुका मठमन्दिर निर्माण र मर्मत गर्ने २९ वटा योजनाहरु रहेका छन् . जस अन्तर्गत २८ वटा योजनाहरुको निर्माण कार्य सम्पन्न भइ भुक्तानी समेत भैसकेको र एउटा योजनाको निर्माण कार्य सुचारु नै नभएको हुदा र कम निकाशा हुन्न सकेको कुरा जानकारी गरिन्छ. यी परियोजना अन्तर्गत रु.३८,१०,०००/- बिनियोजन गरिएकोमा रु. ३७,६०,०००/- रकम भुक्तानी भएको छ.

छ. तटबन्धन निर्माण कार्य तर्फ

यस आ.व. २०७८/०७९ मा यस नगरपालिकामा तटबन्धन कार्यक्रम अन्तर्गत १२ वटा योजनाहरु रहेको र जसमा सम्पूर्ण योजनाहरुको निर्माण कार्य सम्पन्न भइ भुक्तानी समेत भैसकेको छ. तटबन्धन निर्माणको लागि जम्मा रु.६६,५०,०००/- रकम बिनियोजन भएकोमा सम्पूर्ण रकम भुक्तानी भइसकेको छ.

ज. बिद्युत विस्तार कार्यक्रम तर्फ

यस आ.व. २०७८/०७९मा यस नगरपालिकामा बिद्युत लाइन विस्तार अन्तर्गत ३ वटा योजना रहेको र दुइटा योजनाको सम्पूर्ण काम सम्पन्न भइसके र भुक्तानी समेत भइसकेको र एउटा योजनाको काम सम्पन्न बाकी रहेको हुनाले भुक्तानी नभएको कुरा जानकारी गरिन्छ. यी परियोजना अन्तर्गत रु.४९,२९,९९९/- रकम बिनियोजन भएकोमा रु.१,३०,०००/- रकम भुक्तानी भएको छ.

झ. बिबिध

- यस आ.व. २०७८/०७९ मा यस नगरपालिकामा पूर्वाधार विकास तर्फ अन्य ८१ वटा योजनाहरु रहेका छन्. जसमा गोरेटो बाटो निर्माण, गोरेटो बाटोको स्तरोन्नति, पाइप खरिद, आरनका औजार खरिद, बिउ बिजन खरिद आदि इत्यादी रहेका छन्, जस अन्तर्गतका सम्पूर्ण कामहरु सम्पन्न भइ भुक्तानी समेत भैसकेको छ.यी परियोजना अन्तर्गत रु.१,८९,०४,०००/- रकम बिनियाजन भएको मा सम्पूर्ण योजना हरुको निर्माण कार्य सम्पन्न भइ भुक्तानी समेत भइसकेको छ.
- बुढीगंगा नदीमा IEE(Initial Environmental Examination) प्रारम्भिक वातावरणीय परीक्षा गरियो.
- यस आ.व. २०७८/०७९ मा यस नगरपालिको आन्तरिक स्रोत बाट नदि जन्य पदार्थ उत्खनन गरि बिक्रि बितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वान गर्दा प्रथम पटक २०७८/०४/२२ ,दोस्रो पटक २०७८/०६/०६ , तेस्रो पटक २०७८/०७/११ र चौथो पटक २०७८/०८/२१ गरि

६००००००, ४५०००००, ४००००००, ३०००००० भ्याट बाहेक रकम क्रमस सूचना प्रकासित गरियो र अन्तिम चौथो पटकको भ्याट बाहेक ३००१००० (३३९११३०भ्याट सहित)मा ठेक्का स्वीकृत भैं कार्य अगाडी बढाइएको थियो.

- यस आ.व. २०७८/०७९ मा यस नगरपालिकाको आन्तरिक स्रोत बाट बोलपत्र आह्वान गर्दा प्रथम पटक २०७८/०४/२२ रु १५३००० भ्याट बाहेक र (१७२८९०.००भ्याट सहित) रकममा ठेक्का स्वीकृत भै कार्य अगाडी बढाइएको थियो .
- यस आ. व. २०७८/०७९मा यस नगरपालिकाको आन्तरिक स्रोत अन्तर्गतका सम्पूर्ण योजनाहरु निर्माण कार्य सम्पन्न भैसकेका र आन्तरिक स्रोत मार्फत भुक्तानी गर्नुपर्ने १४ ओटा योजनाहरुको आंशिक रकम बजेट अभावका कारण भुक्तानी हुन बाकी रहेका योजानाकोलागि रकम छुट्टाइयो.

| क्र.स. | योजनाको प्रकार | विनियोजित रकम (ने.रु.) | भुक्तानी भएको रकम (ने.रु.) |
|---|---|---|---|
| १. | भवन निर्माण तर्फ | ४,६७,९१,०२५.३७/- | ४,१९,६१,१६५.३७/- |
| २. | सडक निर्माण तर्फ | २,२०,२०,०००/- | २,१८,१२,०००/- |
| ३. | खानेपानी निर्माण तर्फ | १,२२,६१,०००/- | ९९,४१,०००/- |
| ४. | सिचाई निर्माण तर्फ | ३१,९०,०००/- | २८,३९,८७६.३२/- |
| ५. | घेरा पर्खाल निर्माण तर्फ | ३०,५०,०००/- | ३०,५०,०००/- |
| ६. | मठ मन्दिर निर्माण तर्फ | ३८,१०,०००/- | ३७,६०,०००/- |
| ७. | तटबन्धन निर्माण तर्फ | ६६,५०,०००/- | ६६,५०,०००/- |
| ८. | बिद्युत विस्तार कार्यक्रम तर्फ | ४९,२९,९९९/- | १,३०,०००/- |
| ९. | बिबिध | १,८९,०४,०००/- | १,८९,०४,०००/- |
| | **जम्मा** | **११,९६,८६,०२४.३७/-** | **१०,७७,७४,४९७.४४/-** |

**नगर अनुगमन तथा सुपरिवेक्षण :**

- गत आ.व.मा नगर भित्रका दुई लाख भन्दा बढि लागतका ७८ वटा सडक, खानेपानी, नहर, भवन लगायतका योजनाहरुको अनुगमन मूल्याङ्कन तथा सुपरीबेक्षण गरी आवश्यक पृष्ठपोषण दिइनुका साथै सोको प्रतिवेदन नगरपालिकामा पेश गरेको ।

**राजस्व शाखा**

- राजस्व परामर्श  समितिको गत आ.व.मा २ वटा वैठक सम्पन्न ।
- आ.व. ०७८/७९ मा आन्तरिक राजस्व अनुमान २ करोड ४८ लाख गरिएकोमा रु ९९ लाख ५७ हजार पाँच सय एकाउन्न राजस्व रकम संकलन भएको छ ।
- राजस्वका श्रोत, दायरा र दर समेत विश्लेषण गरी आगामी आ.व.मा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण रु २ करोड पचास लाख गरिएको छ  ।
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार भएको छ ।

गत आ.व. को यथार्थ रकम र आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम

| सि.नं. | शिर्षक नम्बर | आय शिर्षक नाम | संकलित रकम (रु.) |
|---|---|---|---|
| 1 | 11313 | सम्पत्ति कर | 9,92,917.00 |
| 2 | 11314 | भुमिकर/मालपोत | 2,37,464.01 |
| 3 | 11321 | घरवहाल कर | 12,69,574.04 |
| 4 | 11451 | सवारी साधन कर (साना सवारी) | 76,000.00 |
| 5 | 11613 | व्यवसाय रजिष्ट्रेशन दस्तुर | 2,59,200.00 |
| 6 | 14151 | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | 19,28,554.00 |

| | | | |
|---|---|---|---|
| 7 | 14219 | अन्य सेवा शुल्क | 16,380.00 |
| 8 | 14242 | नक्सापास दस्तुर | 4,06,977.00 |
| 9 | 14243 | सिफारिश दस्तुर | 8,43,485.00 |
| 10 | 14244 | व्यक्तिगत घटना दर्ता दस्तुर | 5,49,390.00 |
| 11 | 14245 | नाता प्रमाणित दस्तुर | 34,595.00 |
| 12 | 14249 | अन्य दस्तुर | 33,06,365.00 |
| 13 | 14253 | व्यवसाय रजिष्ट्रेशन दस्तुर | 36,650.00 |
| मिति 2078/04/01 देखि 2079/03/32 सम्म सम्मको जम्मा रु | | | 99,57,551.05 |
| जम्मा : | | | 99,57,551.05 |

**महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा**

- लैंगिक हिंसा विरुद्दको १६ दिने अभियानमा विपन्न महिलालाई न्यानो लुगा वितरण गरि सम्पन्न भएको |
- लैंगिक हिंसा विरुद्दको १६ दिने अभियानमा घरेलु हिंसामा परेका महिलाहरु संग अन्तरक्रिया र बहुविवाहबाट पिडित महिलाहरुलाइ आर्थिक सहयोग कार्यक्रम
- ४ चरणमा अपांगता शिविर संचालन गरि जम्मा २०६ जनालाइ परिचय पत्र वितरण गरिएको |
- अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा अपांगता भएका व्यक्तिहरु बिच छलफल तथा अन्तरक्रिया कार्यक्रम र अपांग समितिलाई अपांगता सामग्री हस्तान्तरण भएको |
- अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा ४२ जना एकल तथा विपन्न महिलाहरुलाई राहत सामग्री वितरण तथा ३७ जना विविध क्षेत्रमा काम गरेको महिलालाइ सम्मान गरिएको |
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिनावारीको वर्तमान अवस्था र त्यसको दिगो व्यवस्थापनको लागि सरोकारवालाहरु संग एक दिने अभिमुखीकरण कार्यक्रम ८ वटा वडामा भएको
- बालअधिकार समिति र बाल संजाल समितिका नियमित बैठक महत्वपुर्ण निर्णय गरि सम्पन्न गरिएको |
- आमा बुवा वा एउटा गुमाएका ७० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न गरिएको |
- एच.आइ.भी. संक्रमित ५६ जना विपन्न महिलाहरुलाई खाद्यान्न सामग्री वितरण कार्यक्रम सम्पन्न गरिएको |
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत धामी, झाक्री र पुजारिहरुलाई पोषण, सरसफाइ र महिनावारी सुधारका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको |
- बाल दिवसको अवसरमा कविता रचना तथा वाचन प्रतियोगिता गरिएको

- साँफेबगर नगरपालिका भित्रका १४ वटा वडाका महिला, बालबालिका, अपाङ्गता व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक अल्पसंख्यक को तथ्यांक संकलन गरेको
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत बालविवाह न्यूनीकरणका लागि अभिभावक तथा किशोरीहरुलाई सचेतनामुलक कार्यक्रम गरिएको |
- १४ वटै वडाका ४२० जना किशोरीहरुलाई प्रजनन स्वास्थ्य, महिनावारी स्वच्छता र बालविवाह न्यूनीकरण का लागि सशक्तिकरण कार्यक्रम

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- आ.व.२०७८/०७९ को लागि रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा १३८३ जना लाई सुचिकृत गरिएको ।
- नगरपालिका अन्तर्गतका १ देखि १४ वडामा कामका लागि पारिश्रमिक आयोजना २८ वटा र यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना १२ वटा गरी जम्मा ४० वटा आयोजनाको काम सम्पन्न गरिएको ।
- सुचिकृत बेरोजगार व्यक्तिहरु मध्ये ३०९ जना लाई न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराइएको ।
- प्रत्येक कामदारहरुको व्यक्तिगत बैक खाता खोली ज्याला बैकबाट भुक्तानी गरिएको ।
- औषत ९४.९५ दिनको रोजगारी सृजना भएको ।

**स्वास्थ्य शाखा**

- स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक तथा वार्षिक समिक्षा कार्यक्रमहरू सम्पन्न गरि संस्थाहरूको Ranking गरिएको ।
- मष्टामाणडौमा प्रसुति गृह संचालन गरिएको ।
- नवाठानाको प्रसुति गृहलाई ढलान गरिएको ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा Desktop र Printer वितरण गरिएको ।
- अल्ट्रासाउण्ड,कोरोना खोप र पूर्ण खोप सुनिश्चितता कार्यक्रम सम्पन्न गरिएको ।
- सम्पूर्ण महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई बृहत पोषण प्याकेज सम्बन्धि तालिम दिइएको ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्ड मापन कार्यक्रम सम्पन्न गरिएको ।
- स्वास्थ्य संस्थाहरूमा Onsite coaching ,पहुँच र समता कार्यक्रम सम्पन्न गरिएको ।

**न्यायिक समितिले निरुपण गरेका विवादहरु**

- दर्ता भएका विवाद संख्याः ७ वटा
- फछ्र्यौट भएका विवाद संख्या ७ वटा जसमध्ये

क. घरेलु हिंसा – १ वटा

ख. गाली बेइज्जती – १ वटा

ग. जालसाजी – १ वटा

घ. अंश भाग सम्बन्धी – १वटा

ङ. पति पत्नीबीचको सम्बन्ध सुधार- ३ वटा

**मेडपा कार्यक्रम**

- नगरपालिकामा मेड्पा कार्यक्रम सञ्चालगर्नका लागि साँफेबगर नगरपालिका निम्न १,६,७ र ड वडाहरु छनोट गरियो ।
- साँफेबगर नगरपालिकामा छनोट भएका ४ वडा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो ।
- अभिमुखिकरण कार्यक्रम गरिसकेका वडाहरुमा प्रयोगात्मक ग्रामिण लेखाजोखा (PRA)कार्यक्रम सञ्चान गरि निम्न वडाहरुमा फारम ए र बि गरि जम्मा ११५ जनाको फारम भरि मोबाइलमा Apps Gesimis मा Entry गरीयो ।
- उधमशिता विकास तालिममा सहभागिहरुको इच्छा अनुसार विभिन्न सिप विकास तालिम छनोट गरियो १. सिलाई कटाई २. हाते होजियारी ३. मेसिनमा होजियारी तालिम ४. च्याउ खेती तालिम ५. चुरा डिजाईन तालिम छनोट भएके थियो ।
- छनोट भएका सिप विकास वडा नं ६ मा तालिम १८ जना हाते होजियार तालिम वडा नं ७ मा ११ जना हाते होजियारी तालिम र ११ जनालाई च्याउ खेती तालिम वडा नं ८ मा १५ जना लाई मेसीन बाट होजियारी तालिम र १० जनालाई चुरा डिजाइन तालिम वडा नं १ मा १० जनालाई सिलाई कटाई तालिम र १० जनालाई चुरा डिजाईन तालिम सञ्चान गरियो ।
- वडा न ३ मा पुराना उधमी लाई डल कुसन तालिम र वडा नं ४ मा सिलाई कटाई तालिम सञ्चान गरियो ।
- वडा नं १ मा सिलाई कटाईका सहभागीलाई ९ वटा सेसिन हस्तानरण गरियो ।

**लैगिक हिँसा रोकथाम तथा प्रतिक्रया परियोजना दोस्रो चरण**

लैगिक हिँसा प्रभावित व्यक्तिलाई भावनात्मक सेवा र मनोसामाजिक परामर्श सेवा प्रदान गरेको सख्या -

- ○ १५ बर्ष मुनि - १ जना
- ○ १५ - ४९ - १९ जना
- ○ ४९ बर्ष माथि - २ जना

जातजातिगत रुपमाः

- क्षेत्री महिला - १० जना
- दलित महिला - १२ जना

हिँसाको प्रकार

- शारीरिक हिँसा - ८
- मानसिक हिँसा - ८

- बहुबिबाह - ४
- स्रोतसाधन बाट बंचित - १
- हानिकारक सामाजिक हिँसा - १

जनचेतना मुलक कायक्रममा जम्मा सहभागी सख्याः

क्षेत्री महिला जम्मा- १५६९ जना
क्षेत्री पुरुष जम्मा - १४५ जना
जम्मा - १७१४ जना
दलित महिला - ८४१ जना
दलित पुरुष - ११५ जना
जम्मा -९५६ जना